मिति २०८२ साल पुष ०८ गते मंगलवार दिनको १.०० बजेको समयमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १९४ बमोजिम गठित केन्द्रीय समन्वय समितिबाट मिति २०७५/०५/०६ गते निर्णय भए बमोजिम गठन भएको उच्च समन्वय समिति,धनकुटाको बैठक समितिका संयोजक सहन्यायाधिवक्ता श्री शारदा राउत ज्यूको अध्यक्षतामा देहाय बमोजिमका सदस्यहरुको उपस्थितीमा बसी निम्न विषयहरुमा छलफल गरी निर्णय समेत गरियो।

**उपस्थिति:**

१. श्री शारदा राउत (सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, धनकुटा) -संयोजक
२. श्री विनोद कुमार खड्का (प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनकुटा) -सदस्य
३. श्री विनोद घिमिरे (प्रहरी नायब महानिरीक्षक,कोशी प्रदेश प्रहरी कार्यालय,विराटनगर) -सदस्य
४. श्री उतम श्रेष्ठ ( जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, धनकुटा) - सदस्य सचिव

**आमन्त्रित सदस्य:**

१. श्री सरत कुमार थापा क्षेत्री, प्रहरी उपरीक्षक, श्री जिल्ला प्रहरी कार्यालय धनकुटा।
२. श्री रामेश्वर बस्नेत, प्रमुख अनुसन्धान अधिकृत, श्री राष्ट्रिय अनुसन्धान कार्यालय धनकुटा। ३. प्र.उ.-केशव राई, ने.प.वि.गु.गण [illegible]

**निर्णयहरु:**

१. महान्यायाधिवक्ताको कार्यालयको ७५औं स्थापना दिवसको अवसरमा शुभकामना आदान प्रदान गरियो।
२. अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी तथा सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन सरोकारवाला निकाय सँग निरन्तर समन्वय कायम गर्ने।
३. उच्च सरकारी वकील कार्यालय तहको यस समन्वय सनितिको अघिल्लो बैठकबाट पारित भएको निर्णय कार्यान्वयनको समिक्षा गरियो।
४. समन्वय समितिको गठन कार्यदेश समेतको बारेमा समितिमा संलग्न संयोजक श्री शारदा राउतबाट जानकारी प्रदान गर्ने।
५. उच्च सरकारी वकील कार्यालय तहको यस समन्वय समितिको अघिल्लो बैठकबाट पारित निर्णय कार्यान्वयनको समिक्षा गरियो।
६. मिति २०८२/०५/२० गतेको महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त निर्देशनको बारेमा जानकारी लिइयो।
७. लेनदेन (मिटर ब्याज) सम्बन्धि परिपत्रको सम्बन्धमा जानकारी लिइयो र सो को प्रभावकारी कार्यन्वयनको लागि सम्बन्धित निकायलाई निर्देशन गर्ने।
८. लागू औषध हातहतियार खरखजाना लगायतका मुद्दाको बरामदी मुचुल्कामा रोहबरको रुपमा जनप्रतिनिधीलाई अनिवार्य फोटो, राख्ने,तौलको फोटो समेत अनिवार्य संलग्न गर्ने।
९. पीडितको जाहेरी दरखास्त, बकपत्र तथा बयानहरु Copy Paste नगर्ने यर्थाथमा आधारित, स्वाभाविक भाषा शैलीलाई प्रयोग गरी यर्थाथपरक जाहेरी तयार गरी आवश्यक कागजातहरु मिसिल संलग्न गर्ने। प्रमाणमा बुझ्नुपर्ने मान्छेरु अनिवार्य बुझी संलग्न गर्ने।
१०. जबरजस्ती करणी सम्बन्धी अपराध हुने फौजदारी कसुरमा सफलता हासिल गर्नका लागि वारदातमा पीडितले लेखाइएको व्यहोरामा उल्लेखित दशी प्रमाणहरु (लुगा च्यातिएको,घाउ संर्घषका चिन्हरु) अनिवार्य पेश गर्ने।
११. सवारी ज्यान सम्बन्धी मुद्दामा दुर्घटनाबाट सवारी साधनको यान्त्रिक परीक्षण प्रतिवेदन, दुर्घटना स्थलको रंगिन फोटो, दुर्घटना प्रतिवेदनलाई (स्केच) अनिवार्य मिसिल संलगन गर्ने।

१२. परिवर्तित सन्दर्भमा कार्यसम्पादनलाई सहज र प्रभावकारी वनाउने र सरोकारवाला निकायहरुसँगको समन्वयलाई अझ प्रभावकारी एवं सुदृढ वनाउने।

१३. राष्ट्रिय परिचय पत्रको नम्वर समेत अनुसन्धानको क्रममा संकलन गर्ने।

१४. **Call detail analysis** को विश्लेषण सहित प्रमाणीत गरी मिसिलमा सामेल गर्ने।

१५.. फौजदारी न्यायप्रणालीका विद्यमान संयुक्त संयन्त्रलाई अझ प्रभावकारी र गतिशिल वनाउने र यस मार्फत फौजदारी न्यायप्रणालीमा देखिएका समस्याहरुको समाधानका लागि अनुसन्धान र अभियोजनलाई सुद्ध र वैज्ञानिक वनाउने सम्वन्धमा मातहत निकार्यहरुलाई निर्देशन दिने।